जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २४५ | २०८३ साल बैशाख ०७ गते सोमवार | Monday-20-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## सामुदायिक विद्यालय सञ्चालनमा स्थानीय सरकारको जोड, दोहोरो नीतिले चुनौती बढ्दै : अध्यक्ष जैसवाल

*शु.आ. सम्बाददाता*
*बारा, ०६ बैशाख*

सरकारको शिक्षा सम्बन्धी नीतिगत दोहोरोपनका कारण सामुदायिक विद्यालयहरू कमजोर बन्दै गएको भन्दै प्रसौनी गाउँपालिकाले विद्यालय सञ्चालन तथा सुधारका लागि विशेष पहल गर्ने जनाएको छ। गाउँपालिका अध्यक्ष विनोद प्रसाद जैसवालले सामुदायिक विद्यालयलाई जोगाउन स्थानीय सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट गरेका छन्।



उनका अनुसार नेपाल सरकारले वैशाख १५ गतेदेखि सामुदायिक विद्यालयहरूमा विद्यार्थी भर्ना अभियान सञ्चालन गर्न र वैशाख २१ गतेदेखि नियमित पठनपाठन सुरु गर्न निर्देशन दिएको छ। तर सोही समयमा संस्थागत (निजी) विद्यालयहरूले भने पहिले नै भर्ना अभियान सुरु गरिसकेकाले सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना घट्ने जोखिम बढेको उनले बताए।

अध्यक्ष जैसवालले भने, "सरकारी निर्देशनअनुसार सामुदायिक विद्यालयहरू ढिलो भर्ना अभियानमा जानुपरेको अवस्था छ। तर निजी विद्यालयहरू पहिले नै सक्रिय भइसकेका कारण अभिभावकहरू उतै आकर्षित हुने सम्भावना बढी छ, जसले सामुदायिक विद्यालयलाई थप कमजोर बनाउँछ।"

उनका अनुसार यस्तो अवस्थाले ग्रामीण भेगका विद्यार्थीहरूको भविष्यमा समेत प्रत्यक्ष असर पार्ने देखिन्छ। उनले माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहकै भएकाले शिक्षा सुधार, पहुँच विस्तार र गुणस्तर वृद्धि गर्न गाउँपालिका निरन्तर सक्रिय रहने बताए।

अध्यक्ष जैसवालले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु केवल संख्यात्मक समस्या मात्र नभई दीर्घकालीन शैक्षिक गुणस्तरमा गम्भीर असर पार्ने विषय भएको बताए। उनका अनुसार विद्यार्थी कम हुँदा शिक्षक दरबन्दी व्यवस्थापनदेखि स्रोत परिचालनसम्म समस्या उत्पन्न हुन्छ। गाउँपालिकाले सामुदायिक विद्यालयलाई सुदृढ बनाउन विद्यालय

*बाँकी तेश्रो पृष्ठमा*

## कोल्हबीमा सिँचाइ, मल र मूल्य संकट: किसानहरु दोहोरो-तेहोरो मारमा

*नविन चौधरी*
*कोल्हबी, ०६ बैशाख*

कोल्हबी नगरपालिकाका किसानहरू हाल सिँचाइ, रासायनिक मल आपूर्ति र कृषि उपजको मूल्य गिरावटका कारण गम्भीर संकटमा परेका छन्। आवश्यक पूर्वाधार, सामग्री र बजार व्यवस्थापन कमजोर हुँदा कृषि उत्पादन प्रभावित भएको किसानहरूको गुनासो छ। अलपत्र पानी टंकी, सिँचाइमा दीर्घकालीन समस्या




नगरपालिकाको वडा नं. १ बिनटोल र वडा नं. ५ ककडीमा निर्माण सुरु गरिएको खानेपानी टंकी लामो समयदेखि सञ्चालनमा आउन सकेका छैनन्। स्थानीयका अनुसार परियोजनामा ठूलो रकम खर्च भए पनि वितरण प्रणाली प्रभावकारी नहुँदा संरचना प्रयोगविहीन अवस्थामा छन्। यसैबीच, वन फँडानी, मुहान सुक्दै जानु र दीर्घकालीन सिँचाइ योजनाको अभावले कृषि जमिनमा पानीको संकट बढेको छ। धान, गहुँ र मकैजस्ता मुख्य बालीहरू वर्षाको पानीमै निर्भर रहनुपर्ने अवस्था रहेको किसानहरू बताउँछन्।

सीमावर्ती नाकामा देखिएको अवरोध र आपूर्ति प्रणाली कमजोर हुँदा रासायनिक मलको उपलब्धता प्रभावित भएको छ। समयमा मल नपाउँदा किसानहरू लामो लाइन बस्न बाध्य छन् भने आवश्यक मात्रामा मल नपाउँदा उत्पादनमा असर परेको छ। डिजेल, बीउ, मल र मजदुरीको मूल्य निरन्तर बढिरहे पनि कृषि उपजको बजार मूल्य भने घट्दै गएको किसानहरूको भनाइ छ। यसले उत्पादन लागत बढाएर किसानलाई दोहोरो आर्थिक दबाबमा पारेको छ। धेरै किसानले लगानीसमेत उठाउन कठिन भएको बताएका छन्।

स्थानीय किसान तथा बासिन्दाले विकास योजनाहरू घोषणा भए पनि कार्यान्वयन कमजोर भएको आरोप लगाएका छन्। उनीहरूले सिँचाइ, मल आपूर्ति र कृषि बजार व्यवस्थापनजस्ता आधारभूत समस्या समाधानमा जनप्रतिनिधिहरूको ध्यान नपुगेको गुनासो गरेका छन्।

यद्यपि, जनप्रतिनिधिहरूको भूमिकाबारे विभिन्न धारणा र आरोपहरू सार्वजनिक भइरहेका छन्, जसमा उनीहरू राजनीतिक गतिविधिमा बढी केन्द्रित भएको भन्दै आलोचना समेत हुने गरेको छ।

किसानहरूले तत्काल सिँचाइ सुविधा सुधार, मल आपूर्ति सहज बनाउने र कृषि उपजको न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्न सरकारसँग माग गरेका छन्। उनीहरूको भनाइमा, "अब आश्वासन होइन, व्यवहारिक समाधान आवश्यक छ।"

यदि समयमै प्रभावकारी कदम नचालिए कोल्हबीको कृषि प्रणाली थप संकटतर्फ जाने चेतावनी स्थानीय किसानहरूले दिएका छन्।

## मल अभावले पर्साका किसान मारमा, भारतीय बजारबाट महँगोमा किन्न बाध्य

*हरिकिशोर शर्मा*
*पर्सा, ०६ बैशाख*

पर्सा जिल्लाका ग्रामीण भेगमा चैते धान रोपाइँ गरिरहेका किसानहरू यतिबेला रासायनिक मल अभावका कारण गम्भीर समस्यामा परेका छन्। रोपाइँ गरेको करिब दुई साता बितिसक्दा पनि आवश्यक पर्ने डिएपी र यूरिया मलको आपूर्ति नहुँदा किसानहरू बाध्यतावश महँगो मूल्यमा मल खरिद गर्नुपर्ने अवस्थाबाट गुज्रिरहेका छन्।



जिराभवानी गाउँपालिका-३ सहजानपुरका किसान अजित राय थारुका अनुसार नेपालमा मल नपाएपछि भारतीय बजारबाट प्रति बोरा (५० केजी) डिएपी मल करिब ४ हजार रुपैयाँमा खरिद गर्नुपरेको छ। "रोपाइँ गरिसकेपछि मल हाल्न ढिला भयो भने उत्पादन घट्छ, त्यसैले महँगो भए पनि किन्नैपर्छ," उनले भने। त्यस्तै, अर्का किसान रप्रेम दास थारुले यूरिया मल प्रति केजी ४० रुपैयाँसम्म तिर्नुपरेको बताए। सामान्य अवस्थामा स्थानीय कृषि सहकारी संस्थामार्फत डिएपी मल करिब ५० रुपैयाँ र यूरिया मल २० रुपैयाँ प्रति केजीमा पाइने भए पनि अहिले संस्थाहरूमा मल अभाव हुँदा किसानहरू दोब्बर मूल्य तिर्न बाध्य भएका छन्।

"संस्थामा मल छैन, समयमै पाइएन भने बाली नै जोखिममा पर्छ," किसानहरूले गुनासो गरेका छन्।

पर्साका ठोरी, जिराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका, पर्सागढी नगरपालिका तथा वीरगञ्ज महानगरपालिकाका केही वडाहरूमा चैते धान रोपाइँ सुरु भएको दुई साताभन्दा बढी भइसक्दा पनि मलको अभाव कायमै रहेको छ। रोपाइँको महत्वपूर्ण चरणमै मल नपाउँदा उत्पादनमा प्रत्यक्ष असर पर्ने कृषकहरूको चिन्ता छ।

धान रोपाइँका लागि अत्यावश्यक डिएपी, पोटास र यूरिया मल जिल्लाका अधिकांश कृषि सहकारी संस्थाहरूमा उपलब्ध छैनन्। गादी साना किसान कृषि सहकारी संस्था, रंगपुरका सञ्चालक हरिनारायण चौधरीका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडले करिब २० दिनअघि ७५ बोरा यूरिया मात्र उपलब्ध गराएको थियो। "डिएपी र थप यूरिया कहिले आउँछ भन्ने कुनै निश्चितता छैन," उनले बताए।

यसअघि मल अभाव हुँदा किसानहरूले सीमापार भारतीय बजारबाट मल ल्याएर व्यवस्थापन गर्ने गरेका थिए। तर हाल सरकारले १०० रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा भन्सार तिर्नुपर्ने नीति कडाइका साथ लागू गरेपछि सीमापारबाट मल ल्याउनसमेत कठिन भएको किसानहरूको भनाइ छ। यसले उनीहरूलाई थप आर्थिक बोझ थपेको छ।

किसानहरूले सरकारको नीतिप्रति असन्तुष्टि जनाउँदै एकातिर कृषि उत्पादन बढाउन आग्रह गर्ने तर अर्कोतिर आवश्यक मल उपलब्ध

*बाँकी तेश्रो पृष्ठमा*

## १३ वर्षपछि सुरू भयो वीरगञ्जको 'मेनरोड' विस्तार, डोजरले अतिक्रमित संरचना हटाउन थाल्यो

*शु.आ. सम्बाददाता*
*वीरगंज, ०६ बैशाख*

लामो समयदेखि स्थानीयवासी तथा व्यवसायीहरूको प्रतीक्षामा रहेको वीरगञ्ज शहरको मुख्य सडक त्रिभुवन राजपथ विस्तार कार्य अन्ततः आइतबार बिहानदेखि औपचारिक रूपमा सुरु भएको छ। करिब १३ वर्षदेखि कानुनी र प्राविधिक जटिलताका कारण रोकिँदै आएको यो आयोजना अहिले कार्यान्वयन चरणमा प्रवेश गरेको हो।



आइतबार बिहान ५ बजेदेखि सडक डिभिजन कार्यालय हेटौँडा को नेतृत्वमा १३ वटा डोजर परिचालन गरी अतिक्रमित संरचना हटाउने अभियान सुरु गरिएको हो। सडक डिभिजनका ९ वटा र वीरगंज महानगरपालिकाका ४ वटा डोजर प्रयोगमा ल्याइएको कार्यालय प्रमुख गुरुप्रसाद अधिकारीले जानकारी दिए।

गण्डक चोकदेखि मितेरी पुलसम्मको मुख्य सडक खण्डलाई दायाँ-बायाँ २५-२५ मिटर फराकिलो बनाउने लक्ष्यसहित पावर हाउस चोक, मुर्ली, घण्टाघर, माइस्थान, आदर्शनगर, मकालु होटेल चोक, बिर्ता, छपकैया, चिनी मिल आवास क्षेत्र हुँदै भन्सार क्षेत्रसम्मका विभिन्न स्थानबाट एकैसाथ डोजर चलाइएको छ। बिहानैदेखि कडा सुरक्षा घेराबीच संरचना भत्काउने कार्य जारी रहेको छ। केही स्थानमा स्थानीयले सामान्य अवरोध जनाए पनि प्रहरीले हस्तक्षेप गर्दै कामलाई निरन्तरता दिएको छ। डोजर चल्न थालेपछि कतिपय स्थानीयले आफैं घर भत्काउन थालेका छन्।

जिल्ला प्रशासन कार्यालय पर्सा ले शनिबार अपरान्ह सूचना जारी गर्दै आइतबार बिहान ४:३० बजेसम्म गण्डकदेखि मितेरी पुलसम्मको सडक क्षेत्रमा पर्ने घरटहरा खाली गर्न निर्देशन दिएको थियो।

तर पर्याप्त समय नदिएको भन्दै स्थानीयस्तरमा असन्तुष्टि देखिएको छ। धेरै व्यवसायीहरूले शनिबार राति नै 'सेल' लगाएर सामान बिक्री गर्दै सटर खाली गरेका थिए। घण्टाघरदेखि आदर्शनगर क्षेत्रसम्म रातिसम्म मानिसहरूको भीड लागेको थियो।

विस्तार कार्य सम्पन्न भएपछि त्रिभुवन राजपथअन्तर्गत पर्ने उक्त सडक खण्ड राष्ट्रिय राजमार्ग मापदण्डअनुसार दायाँ-बायाँ २५/२५ मिटर चौडा हुनेछ। यसले यातायात व्यवस्थापन सहज बनाउनुका साथै शहरको दीर्घकालीन शहरी विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

२९ सरकारी भवन र १२०० निजी संरचना प्रभावित

सडक विस्तारको दायराभित्र परेका २९ वटा सरकारी कार्यालयका भवन तथा करिब १,२०० निजी घरटहरा भत्काइने छन्। यसले ठूलो संख्यामा

*बाँकी तेश्रो पृष्ठमा*

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय...........

# पर्सा सीमा नाकामा तस्करी र सुरक्षा संयन्त्रमाथि उठेका प्रश्न

पर्सा जिल्लाका सीमावर्ती नाकाहरुमा तस्करी गतिविधि बढ्दै गएको र त्यसमा सुरक्षा निकायभित्रैको मिलेमतो वा कमजोरीको आरोप सार्वजनिक हुन थालेपछि गम्भीर चिन्ता उत्पन्न भएको छ । राजस्व चुहावट नियन्त्रण र सीमा सुरक्षा गर्ने जिम्मेवारी पाएको संयन्त्रमाथि नै प्रश्न उठ्नु राज्यका लागि सामान्य विषय होइन । स्थानीय स्रोत र सरोकारवालाहरुले श्रीसिया, ड्राइपोर्ट, अलौ, अमरपट्टि, भिखमपुर र मिर्जापुरलगायत नाकाबाट दैनिक रुपमा अवैध सामान, खाद्यान्न, इलेक्ट्रोनिक्सदेखि लागूऔषधसम्मको ओसारपसार भइरहेको दाबी गरेका छन् । यदि यी आरोप सत्य हुन् भने यो केवल आर्थिक अपराध मात्र नभई राष्ट्रिय सुरक्षासँग जोडिएको गम्भीर विषय हो ।

विशेषगरी सशस्त्र प्रहरी बल नेपाल अन्तर्गतका केही व्यक्तिमार्फत घुमुवा प्रणाली प्रयोग गरी रकम असुली हुने गरेको आरोपले सुरक्षा संयन्त्रमाथि नै प्रश्न उठाएको छ । यस्ता आरोपहरु बारम्बार सार्वजनिक हुँदा पनि प्रभावकारी सुधार नदेखिनु चिन्ताजनक हो । यद्यपि आरोपकै आधारमा निष्कर्षमा पुग्नु हुँदैन, तर निष्पक्ष छानबिन अपरिहार्य हुन्छ ।

सीमा सुरक्षा निकायको भूमिका केवल तस्करी नियन्त्रणमा मात्र सीमित छैन, यसले राष्ट्रिय राजस्व, आन्तरिक सुरक्षा र अन्तरदेशीय अपराध नियन्त्रणमा समेत निर्णायक भूमिका खेल्छ । यस्तो संवेदनशील क्षेत्रमा कमजोरी वा भ्रष्टाचारको सानो संकेतले पनि ठूलो प्रणालीगत असर पार्न सक्छ ।

राज्यले समय-समयमा तस्करी नियन्त्रणका लागि कडाइका घोषणा गर्दै आएको भए पनि व्यवहारमा प्रभावकारी कार्यान्वयन नदेखिनु नीतिगत असफलताको संकेत हो । नीति बनाउने र कार्यान्वयन गर्ने बीचको दूरी नै अहिलेको मुख्य चुनौती देखिन्छ ।

अब आवश्यक कुरा भनेको आरोपको राजनीतिकरण होइन, निष्पक्ष, स्वतन्त्र र पारदर्शी छानबिन हो । दोषी भेटिए कानुनी दायरामा ल्याइनुपर्छ, निर्दोषलाई अनावश्यक रुपमा बदनाम हुन दिनु हुँदैन । साथै, घुमुवा प्रणालीको पुनरावलोकन, सीमा नाकामा प्रविधि आधारित निगरानी र जिम्मेवारी स्पष्टता अनिवार्य देखिन्छ । यदि समयमै सुधार भएन भने पर्साका सीमा नाका केवल तस्करीको मार्ग मात्र होइन, राज्य संयन्त्रमाथि अविश्वास बढाउने गम्भीर केन्द्र बन्न सक्छन् । त्यसैले अब ढिलाइ नगरी ठोस कदम चाल्नु राज्यको दायित्व हो ।

# जेन-जी विद्यार्थी व्यवस्थापनका चुनौती



कृष्णहरि हुमागाई

सन् २००५ मा र्‍यापर एमसी मार्सलले आफ्नो गीतमा आइ-जेनेरेसन शीर्षक प्रयोग गरेर जेनेरेसनलाई वर्णमालामा जोड्ने कामको सुरुवात गरे । अहिले त्यो क्रम जेन एक्स, वाइ हुँदै जेडमा पुग्यो र जेन-जीमा रूपान्तरण भयो । जेन-जीहरू डिजिटल नेटिभ हुनुका साथै छोटोमीठो सञ्चारको शैली मन पराउन थाले । यिनीहरूलाई जेरी जस्तो गुजुल्टिएको र सेल जस्तो घुमेको कुरा मन पर्दैन । यिनीहरू सिधा कुरा र सिधा विचारमा आकर्षित हुन्छन् । हाल कक्षा ११ तथा १२ मा अध्ययनरत विद्यार्थीको उमेर सामान्यत १५ देखि १८ वर्षको बीचमा हुन्छ । खासमा त्यही उमेर समूहलाई जेन-जी भनिन्छ । जेन-जीपुस्ता भन्नाले सन् १९९७ देखि २०१२ सम्म जन्मिएका पुस्तालाई जनाउँछ । केही स्रोतले २०१५ सम्मको अवधिलाई पनि मान्यता दिएको देखिन्छ। जसको सख्या विश्वव्यापी रूपमा २.४७ अर्ब रहेको अनुमान छ । यी जेन-जी संसारका कुनै न कुनै स्कुल कलेजमा अध्ययन गर्दैछन् । यो पुस्तालाई डिजिटल नेटिभ पनि भनिन्छ, जो लामो समयसम्म एकै ठाउँमा ध्यान लगाउन सक्दैन । यो पुस्ता इन्टरनेट, स्मार्टफोन र सामाजिक सञ्जालसँगै हुर्किएको छ । डिजिटल वातावरणमा हुर्किएका कारण यिनको सिकाइ प्रविधिसँग जोडिएका हुन्छ । यो पुस्ता अनलाइनमा आधारित शिक्षण सिकाइ क्रियाकलापमा रुचि राख्छ । यस युगमा जन्मेका कारण जेन-जी सिकारुहरूमा अघिल्लो पुस्ताभन्दा फरक विशेषता पाइन्छन्, जसलाई उचित रूपमा प्रयोग गर्न सके शिक्षण सिकाइ प्रक्रियामा सार्थक प्रभाव पार्न सकिन्छ ।

शिक्षण सिकाइ क्रियाकलापका चरणहरूको विकासक्रमलाई नियाल्ने हो भने गुरुकुलकालीन समयसम्म जानुपर्ने देखिन्छ । गुरुका घरमा नै गएर ज्ञाज आर्जन गर्नुपर्ने अवस्थादेखि आज प्रविधिको प्रयोग गरेर घरमै बसेर शिक्षा आर्जन गर्ने अवस्थासम्म आइपुग्दा विविध किसिमका विधिको खोज तथा प्रयोगले महत्वपूर्ण भूमिका खेलेको कुरा नकार्न सकिन्न । नेपालमा शिक्षणको विकासक्रमलाई अवलोकन गर्दा राणाकालीन अवस्थामा जंगबहादुर बेलायत भ्रमण गएपश्चात् दरबार हाइस्कुलको स्थापना भएको देखिन्छ । सोही समयदेखि कक्षाकोठा व्यवस्थापन र अंग्रेजी विषय शिक्षणको मोहको बीजारोपण भएको पाइन्छ । अंग्रेजी भाषा शिक्षणकै नमुना हेरौं । विगतमा व्याकरण अनुवाद पद्धतिको अवलम्बन गरेर पढाइन्थ्यो । 'काउ' माने 'गाई' शैलीको शिक्षण कक्षाकोठामा निकै लामो समयसम्म रहन पुग्यो । उक्त शैलीका बाछिटा अझै बाँकी छन् । आज कतिपय सन्दर्भमा शिक्षकभन्दा विद्यार्थी अगाडि छ । शिक्षकले जान्नुअघि नै विद्यार्थी नयाँ नयाँ प्रविधि आफैं सिकिसकेको हुन्छ । उसले सामाजिक सञ्जालबाट अनावश्यक धेरै पक्षको जानकारी लिइसकेको हुन्छ । अब पुरानो शिक्षण शैलीले अहिलेका जेन-जी समूलाई धान्न र सहीमार्गमा ल्याउन सक्दैन । त्यसैले विगतमा प्रयोग भएका शिक्षणविधिहरूको वर्तमानमा प्रयोग गर्दा शिक्षक र शिक्षण संस्था सचेत हुनु आवश्यक देखिन्छ । आजको समयमा विभिन्न नवीनतम, प्रविधिमैत्री तथा विद्यार्थी केन्द्रित विधिको उपयोगलाई केन्द्रबिन्दुमा राखेर अगि बढ्नुपर्ने देखिन्छ । कक्षाकोठामा हुने शिक्षकको प्रभुत्व न्यूनीकरण गरी विद्यार्थी केन्द्रित क्रियाकलापलाई जोड दिई कक्षा कार्यकलापमा उनीहरूको सक्रियता बढाएर जेन-जी समूहलाई सही दिशा निर्देश गर्न सकिन्छ ।

आजको तीव्र परिवर्तनशील जटिल परिस्थितिले विश्वव्यापी रूपमा शिक्षा प्रणालीमा नयाँ चुनौतीहरू देखा पारेका छन् । सिकाइ र सिकारुहरू कहिल्यै पनि स्थिर नरहने र समयसँगै परिवर्तन भइरहेको पाइन्छ । तसर्थ, सिकाइ वतावरणले विद्यार्थीले अपनाउने अध्ययन तथा सिकाइ शैलीलाई प्रभाव पार्ने देखिन्छ । अधिकांश विद्यार्थी अहिले डिजिटल रूपमा दक्ष र मल्टिमिडिया, अन्तरक्रियात्मक सिकाइ तथा उपकरणहरूसँग पनि परिचित छन् । त्यसैले आजभोलिका कक्षाकोठाहरू सहकार्यात्मक, समालोचनात्मक सोच समस्या समाधान विधिहरूको प्रयोग व्यापक रूपमा रहेको देख्न सकिन्छ । यस्ता किसिमका परिवर्तनले विद्यार्थीको रोजाई उनीहरू हुर्केको सिकाइ वातावरणले प्रभाव पार्ने कुरा देखाउँछ । अनुभव र अध्ययनका आधारमा के भन्न सकिन्छ भने आजका सिकारुको सिकाइ आवश्यकता सम्बोधन गर्ने हो भने शिक्षण विधिमा प्रविधिलाई समायोजन गर्नैपर्ने हुन्छ । शिक्षा क्षेत्रमा प्रविधिको प्रयोग उपकरणसँग प्रतिस्पर्धा गर्न होइन, शिक्षण सिकाइ प्रभावकारी बनाउन हुनुपर्छ । प्रत्येक पुस्ताका विद्यार्थी समकालीन समयका प्रतिबिम्ब हुन् । त्यसैले हरेक शिक्षकले वर्तमान विद्यार्थीका प्राथामिकता, आवश्यकता र रुचि बुझ्न आवश्यक छ ।

शिक्षाविद् डा. अर्लेन्ज जे निकोलास र उनको टिमले गरेका अध्ययनका अनुसार जेन-जी विद्यार्थीको ध्यान केन्द्रित गर्ने समय छोटो हुन्छ । त्यसैले ई-लर्निङ प्लेटफर्मको अत्यधिक प्रयोगले उनीहरूलाई अघिल्लो पुस्ताभन्दा फरक बनाएको देखिन्छ । अघिल्लो पुस्ता कक्षाकोठामा लामो समयसम्म शान्त बसेर शिक्षकको व्याख्यान सुन्न सक्थे तर जेन-जी विद्यार्थीलाई लामो व्याख्यान निरश लाग्छ । उनीहरू प्रत्यक्ष, आकर्षक, प्रश्न-उत्तर र समस्या समाधानमा आधारित गतिविधि मन पराउँछन् । उनीहरूको ध्यान अवधि छोटो भए पनि छिटो प्रतिक्रिया, व्यावहारिक कार्य र वास्तविक जीवनसँग सम्बन्धित विषयवस्तु चाहन्छन् । डा. कोरी सिमिलेर र डा. मेघन ग्रेसको अध्ययनले भन्छ- पाठ्यपुस्तकमा आधारित शिक्षणले विद्यार्थीको सक्रिय सहभागिता घटाउन सक्छ । जबकि, प्रविधिमा आधारित शिक्षण पद्धतिले उनीहरूलाई उत्प्रेरित गर्छ र सिकाइ प्रभावकारी बनाउँछ । सन् २०१६ मा 'स्याटो र एर्विन'को टोलीले गरेको अध्ययनअनुसार जेन-जी पुस्ताका विद्यार्थीको औसत ध्यान अवधि ८ सेकेन्डमात्र हुन्छ । उनीहरू लामो समयसम्म जटिल समस्यामा ध्यान केन्द्रित गर्न रुचाउँदैनन् । उनीहरू सतही समस्या र तुरुन्त समाधान मन पराउँछन् । शिक्षकहरूले उनीहरूलाई लामो समयसम्म एउटै चित्र, पजलमा केन्द्रित गराउन कठिन हुन्छ भन्ने बुझ्नुपर्छ । साथै, उनीहरू प्रक्रियामुखी वा अत्यधिक ध्यान चाहिने कार्यभन्दा तुरुन्त प्रतिक्रिया र सञ्चारलाई प्राथमिकता दिन्छन् ।

धेरै शिक्षक विशेषगरी 'डिजिटल आप्रवासी' (डिजिटल इमिग्रयान्स) प्रविधिको पूर्ण उपयोग गर्न संघर्ष गरिरहेका छन् । जेन-जीका आवश्यकता तथा चाहाना पूरा गर्न शिक्षकहरूमा डिजिटल दक्षता हुनु अत्यन्त आवश्यक छ । अध्ययनहरूले उनीहरूलाई प्रविधिमा दक्ष, सामाजिक रूपमा जडित र प्रेरणाप्रति संवेदनशील पुस्ताका रूपमा चित्रण गरेका छन् । त्यसैले २१औं शताब्दीका सिकाइ दृष्टिकोणसँग मेल खाने गरी शिक्षकहरूले आफ्ना शिक्षण पद्धति र कक्षाकोठा भित्रका क्रियाकलापलाई समयअनुसार परिमार्जन गर्न आवश्यक छ । मैले भनेको तैंले मान्नुपर्छ भन्दैमा अहिलेको पुस्ता मान्नेवाला छैन । त्यसैले उनीहरूलाई सही मार्गमा डोर्‍याउन शिक्षकले प्रविधि र भावनाबिचमा तालमेल ल्याउनुपर्ने हुन्छ । जेन-जीले आफूलाई बढी नै जान्ने, समझदार र बुद्धिमान् ठान्छ । बरु शिक्षक र अभिभावकलाई कुरा नबुझ्ने, एकोहोरो र म्याद गुज्रिएको औषधि जस्तो ठान्छ । यो पुस्ताको समस्या के हो भने यसले मलाई सबै थाहा छ भन्छ । पढ भन्दा मलाई थाहा छ किन पढ्ने भन्छ । लेख भन्दा पनि मलाई थाहा छ किन लेख्ने भन्छ ? जाँचमा पास भएर देखाइ दिन्छु ।

नम्बर ल्याएर देखाइदिन्छु भनेर कहिलेकाहीं ज्याद्रोपना देखाउँछ । यसमा त्यस पुस्ताको मात्रै दोष छैन । परिवर्तित हुन नखोज्ने शिक्षक र नम्बरको पछि कुद्ने अभिभावकको पनि दोष छ । यस्तो अवस्थामा कक्षामा जेन-जीलाई सम्हाल्न (ह्यान्डल गर्न) कठिन हुन्छ । तसर्थ, शिक्षक सचेत हुनु आवश्यक छ ।






समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# उत्तर कोरियाको नयाँ मिसाइल परीक्षणले बढायो तनाव

***एजेन्सी-*** उत्तर कोरियाले आइतबार समुद्रतर्फ लक्षित गर्दै छोटो दूरीका धेरै ब्यालेस्टिक मिसाइल प्रक्षेपण गरेपछि कोरियाली प्रायद्वीपमा पुनः तनाव चुलिएको छ । संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकायले केही दिनअघि मात्र प्योङयाङले आणविक हतियार विकासमा ‘धेरै गम्भीर’ प्रगति गरेको चेतावनी दिएको पृष्ठभूमिमा भएको यस प्रक्षेपणलाई क्षेत्रीय सुरक्षा दृष्टिले गम्भीर रूपमा हेरिएको छ। दक्षिण कोरियाली सेनाका अनुसार उत्तर कोरियाको सिन्पो क्षेत्रबाट प्रहार गरिएका ती मिसाइलहरू करिब १४० किलोमिटर उडेर देशको पूर्वी समुद्री क्षेत्रमा खसेका थिए। यस घटनापछि दक्षिण कोरियाले कुनै पनि सम्भावित उक्साहटको जवाफ दिन पूर्ण तयारीमा रहेको जनाउँदै संयुक्त राज्य अमेरिका र जापानसँग सूचनाको आदानप्रदान तीव्र बनाएको छ। दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा परिषद्को आकस्मिक बैठकमा वरिष्ठ अधिकारीहरूले उत्तर कोरियाका बारम्बारका क्षेप्यास्त्र परीक्षणप्रति गहिरो चिन्ता व्यक्त गर्दै यस्ता गतिविधि तत्काल रोक्न आग्रह गरेका छन्। विशेष रूपमा, यो प्रक्षेपण दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङ विदेश भ्रमणमा निस्कनु केही घण्टाअघि भएकोले यसको समयलाई पनि अर्थपूर्ण रूपमा हेरिएको छ ।



अमेरिकी र जापानी सेनाले पनि प्रक्षेपण पत्ता लगाएको पुष्टि गरेका छन् । अमेरिकी इन्डो-प्यासिफिक कमान्डले क्षेत्रीय सुरक्षा र आफ्ना सहयोगीहरूको रक्षा गर्न प्रतिबद्ध रहेको जनाएको छ। जापानको रक्षा मन्त्रालयले भने उत्तर कोरियाको यो कदमले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय शान्तिलाई जोखिममा पारेको र संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूको उल्लङ्घन गरेको भन्दै कडा विरोध जनाएको छ।

मिसाइल प्रक्षेपण गरिएको सिन्पो क्षेत्र उत्तर कोरियाको पूर्वी तटस्थित महत्त्वपूर्ण सहर हो । यहाँ पनडुब्बी निर्माणका लागि प्रमुख शिपयार्ड रहेको छ । दक्षिण कोरियाली सञ्चारमाध्यमका अनुसार यो प्रक्षेपण पनडुब्बीबाट गरिएको हो कि जमिनबाट वा दुवै प्लेटफर्म प्रयोग गरिएको हो भन्नेबारे विश्लेषण भइरहेको छ । जापानका रक्षामन्त्री मासाहिसा मियाजाकीले पनि यस विषयमा अमेरिका र दक्षिण कोरियासँग समन्वय भइरहेको बताउनुभएको छ। यदि पनडुब्बीबाट प्रक्षेपण गरिएको पुष्टि भएमा यो चार वर्षपछि उत्तर कोरियाले गरेको पहिलो पनडुब्बी-आधारित ब्यालेस्टिक मिसाइल परीक्षण हुनेछ । यस्तो क्षमता विकास हुनु प्रतिद्वन्द्वी राष्ट्रहरूका लागि थप चुनौतीपूर्ण मानिन्छ, किनकि पानीमुनिबाट हुने प्रक्षेपण पहिचान गर्न कठिन हुन्छ। गत वर्ष उत्तर कोरियाले निर्माणाधीन आणविक पनडुब्बी सार्वजनिक गरेको थियो, जसले यस दिशामा उसको महत्त्वाकांक्षा झल्काएको थियो।

यस वर्ष मात्र उत्तर कोरियाले पटक-पटक हतियार परीक्षण गरिरहेको छ । गत साता नेता किम जोङ उनले युद्धपोतबाट गरिएको क्षेप्यास्त्र परीक्षणको निरीक्षण गरेका थिए । त्यसअघि पनि तीन दिनसम्म विभिन्न नयाँ हतियार प्रणालीसहितका परीक्षणहरू गरिएको दाबी गरिएको थियो । गत महिना प्योङयाङले अमेरिकासम्म पुग्न सक्ने मिसाइलका लागि ठोस इन्धन इन्जिन परीक्षण गरेको जनाएको थियो ।

सन् २०१९ मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको आणविक वार्ता विफल भएपछि किम जोङ उनले आफ्नो आणविक तथा मिसाइल कार्यक्रम विस्तारमा जोड दिँदै आउनुभएको छ। यद्यपि ट्रम्पले पुनः वार्ताको इच्छा व्यक्त गरिरहनुभएको छ र उत्तर कोरियाले पनि संवादका लागि सङ्केत दिएको छ, तर प्योङयाङले पूर्वशर्तका रूपमा आणविक निःशस्त्रीकरणको माग हटाउन अमेरिकालाई आग्रह गरिरहेको छ ।

आगामी मे महिनामा ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीच हुने भनिएको शिखर सम्मेलनलाई पनि उत्तर कोरियासँगको कूटनीतिक सम्भावनासँग जोडेर हेरिएको छ। केही विश्लेषकहरूका अनुसार उत्तर कोरियाको पछिल्लो परीक्षण गतिविधि भविष्यका वार्तामा आफ्नो मोलतोल शक्ति बढाउने रणनीति हुन सक्छ ।

यसैबीच अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका महानिर्देशक राफेल ग्रोसीले हालै उत्तर कोरियामा आणविक उत्पादन गतिविधिमा ‘तीव्र वृद्धि’ भएको पुष्टि गरेका छन्। उनका अनुसार यी गतिविधिहरूले उत्तर कोरियाको आणविक हतियार उत्पादन क्षमतामा उल्लेखनीय विस्तार भएको संकेत गर्छ । बाह्य विश्लेषकहरूले पनि उत्तर कोरियाले आफ्नो प्रमुख योङब्योन आणविक परिसर विस्तार गरिरहेको र थप युरेनियम संवर्धन केन्द्रहरू निर्माण गरिरहेको बताएका छन्। गत वर्ष दक्षिण कोरियाका एकीकरण मन्त्री चुङ डोङ-युङले उत्तर कोरियाले चार वटा युरेनियम संवर्धन केन्द्र सञ्चालन गरिरहेको जानकारी दिएका थिए, जसले यस क्षेत्रको सुरक्षा अवस्थालाई अझ जटिल बनाएको छ ।

# बाईपास सडक विस्तारका लागि २४ घण्टे अल्टिमेटम




***वीरगंज, ०६ बैशाख***

वीरगंज महानगरपालिका ले बाईपास सडक विस्तार कार्यलाई अघि बढाउँदै सडक क्षेत्रभित्र रहेका संरचना हटाउन सर्वसाधारणलाई २४ घण्टे अल्टिमेटम दिएको छ ।

महानगरपालिकाका प्रमुख प्रशासन तथा व्यवस्थापन महाशाखा प्रमुख सुनिलकुमार कर्णद्वारा जारी सूचनाअनुसार वडा नं. १२ र १३ ( साविक वडा नं. १५ र १६) को सिमानामा पर्ने बाईपास क्षेत्रमा सडक विस्तार गरिनेछ। नेपाल आयल निगम क्षेत्रीय कार्यालयदेखि मुर्ती चोकसम्मको सडक खण्डलाई लक्ष्य गर्दै संरचना हटाउन आग्रह गरिएको हो ।

सूचनामा उल्लेख भएअनुसार सडकको केन्द्रबिन्दुबाट दायाँ-बायाँ ५/५ मिटर गरी कुल १० मिटर चौडाइ कायम गरिनेछ। यसअघि नेपाल आयल निगम कार्यालयदेखि सबाह अन्सारीको घरसम्मको सडक विस्तार कार्य सम्पन्न भइसकेको र अब बाँकी रहेको खण्डमा काम अघि बढाइने महानगरपालिकाले जनाएको छ।

महानगरपालिकाले यसअघि २०८१ माघ १३ गते नै सूचना जारी गरे पनि विभिन्न कारणले कार्यान्वयन हुन सकेको थिएन । अब भने बाँकी कामलाई तीव्रता दिन सम्बन्धित क्षेत्रका सबै संरचना सोमबार दिउँसो ३ बजेसम्म हटाउन निर्देशन दिइएको छ ।

महानगरपालिकाले तोकिएको समयभित्र संरचना नहटाएमा कानुनअनुसार हटाइने चेतावनीसमेत दिएको छ । साथै, सडक विस्तारपछि यातायात व्यवस्थापन सहज हुने र शहरी पूर्वाधार सुधारमा योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर :
९८४५२२६३०५

# भन्सार कडाइविरुद्ध वीरगंज नाकामा धर्ना



***वीरगंज, ०६ बैशाख***

भारतबाट १०० रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउँदा अनिवार्य भन्सार कर तिर्नुपर्ने सरकारी व्यवस्थाविरुद्ध जनअधिकार पार्टीले आइतबार वीरगंज नाकामा धर्ना दिएको छ ।

सरकारले भन्सार नतिरी सीमावर्ती भारतीय बजारबाट एक सय रुपैयाँभन्दा बढीको सामान ल्याउन रोक लगाएपछि पार्टीले वीरगंज स्थित शंकराचार्य गेट क्षेत्रमा विरोध प्रदर्शन गरेको हो । पार्टीका अध्यक्ष डा. शरदसिंह यादवको नेतृत्वमा नेता-कार्यकर्ताहरूले करिब एक घण्टा सडकमै धर्ना दिँदै निर्णयप्रति असन्तुष्टि जनाएका थिए ।

धर्ना कार्यक्रममा बोल्दै अध्यक्ष यादवले सरकारको उक्त निर्णयले नेपाल-भारतबीचको परम्परागत ‘रोटी-बेटी’ सम्बन्धमा असर पार्ने आरोप लगाए। उनले सीमा क्षेत्रका मधेसी समुदायलाई लक्षित गर्दै “अव्यवहारिक” नियम लागू गरिएको भन्दै तत्काल खारेज गर्न माग गरे। उनका अनुसार भन्सार कडाइका कारण सर्वसाधारणले दैनिक उपभोग्य वस्तु ल्याउनसमेत कठिनाइ भोगिरहेका छन् । “मधेसी समुदाय सरकारप्रति सकारात्मक अपेक्षामा रहेको बेला यस्तो निर्णय लागू हुनु दुःखद छ,” उनले भने ।

यादवले महँगी नियन्त्रणमा सरकार असफल भएको आरोपसमेत लगाए। खाद्यान्न, इन्धनलगायत वस्तुको मूल्य निरन्तर बढिरहेका बेला सरकारले कर असुलीमा मात्र ध्यान दिएको उनको भनाइ थियो। उनले भन्सार कडाइलाई “मधेसमाथिको अघोषित नाकाबन्दी” को संज्ञा दिएका छन् ।

सरकारले भने राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले भन्सार महसुल ऐन, २०८१ को दफा १३(३) अन्तर्गत १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार कर तिर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गरेको जनाएको छ ।

यस निर्णयप्रति सीमा क्षेत्रका विभिन्न राजनीतिक दल, नागरिक अगुवा तथा स्थानीयवासीबाट निरन्तर आलोचना हुँदै आएको छ ।

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

## सामुदायिक......

भौतिक पूर्वाधार सुधार , डिजिटल शिक्षण प्रणाली विस्तार , शिक्षक तालिम तथा क्षमता विकास , अभिभावक सचेतना कार्यक्रम र विद्यालय अनुगमन र व्यवस्थापनमा विशेष ध्यान दिने योजना रहेको बताएका छन् ।

अध्यक्ष जैसवालले अभिभावकहरूको माग र विद्यार्थीको भविष्यलाई प्राथमिकतामा राख्दै गाउँपालिकाले समुदायसँग समन्वय गरेर अघि बढ्ने बताए। उनले सामुदायिक विद्यालयलाई “सबैको साझा सम्पत्ति” भन्दै यसलाई बचाउन सबै पक्षको सहकार्य आवश्यक रहेको धारणा राखेका छन्। शिक्षा क्षेत्रको दोहोरो नीति र निजी विद्यालयको छिटो सक्रियताले सामुदायिक विद्यालयहरूमा चुनौती थपिएको अवस्थामा स्थानीय सरकारको भूमिका निर्णायक हुने देखिएको छ । प्रसौनी गाउँपालिकाले भने सामुदायिक विद्यालयलाई सुदृढ गर्दै गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने प्रतिबद्धता दोहोर्याएको छ।

## मल..........

नगराउने र वैकल्पिक व्यवस्था नगर्ने कार्यले आफूहरू थप मारमा परेको बताएका छन् । साथै, पेट्रोलियम पदार्थको मूल्य वृद्धि, महँगो श्रम खर्च र उत्पादनको उचित मूल्य नपाउने अवस्थाले कृषकहरूको अवस्था झन् जटिल बन्दै गएको उनीहरूको गुनासो छ ।

स्थानीय किसानहरूको माग छ– समयमै सहज रूपमा रासायनिक मल उपलब्ध गराउने व्यवस्था मिलाइयोस्, सीमावर्ती क्षेत्रका किसानका लागि सहुलियतपूर्ण नीति ल्याइयोस् र कृषि उत्पादनको उचित मूल्य सुनिश्चित गरियोस्। अन्यथा, उत्पादन घट्ने र खाद्य सुरक्षामा नै असर पर्ने जोखिम बढ्दै जाने उनीहरूको चेतावनी छ।

## १३ वर्षपछि........

स्थानीय प्रभावित हुने देखिएको छ, जसका कारण पुनर्स्थापना र क्षतिपूर्ति व्यवस्थापन चुनौतीपूर्ण बन्ने सम्भावना छ। वीरगंजको मुख्य सडक विस्तार विगत १३ वर्षदेखि विवादमा थियो । स्थानीय जग्गाधनीहरूले दायर गरेको रिट निवेदनका कारण योजना अघि बढ्न सकेको थिएन ।

तर सर्वोच्च अदालत ले २०८१ फागुन २८ गते उक्त रिट खारेज गर्दै सरकारको पक्षमा फैसला सुनाएपछि कानुनी अवरोध हटेको थियो । यद्यपि फैसलाको पूर्णपाठ सार्वजनिक हुन र कार्यान्वयन प्रक्रियाको औपचारिकता पूरा हुन समय लाग्दा काम ढिला भएको थियो ।

सडक विस्तार सुरु भएसँगै वीरगंजको दीर्घकालीन विकासतर्फ महत्वपूर्ण कदम चालिएको भए पनि प्रभावित स्थानीयको व्यवस्थापन, उचित क्षतिपूर्ति र व्यवसाय पुनर्स्थापनाको विषय अब मुख्य चुनौतीका रूपमा देखा परेको छ ।

स्थानीयले विकासको विरोध नभए पनि पर्याप्त तयारी र समय दिइनुपर्ने माग गर्दै आएका छन् । अब सरकार र सम्बन्धित निकायले विकास र जनजीवनबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकता थप स्पष्ट भएको छ ।

## आचारसंहिता.....

विश्वसनीयतामाथि प्रश्न उठाएको महासंघको भनाइ छ।

महासंघले सम्बन्धित संस्था तथा व्यक्तिहरूलाई यसअघि पनि पटक-पटक सचेत गराइएको भए पनि अटेर गरिएको उल्लेख गर्दै अब तत्काल आचारसंहिताविपरीतका गतिविधि रोक्न आग्रह गरेको छ । जिम्मेवार र मर्यादित पत्रकारिता गर्न अपिल गर्दै महासंघले यदि आगामी दिनमा पनि आचारसंहिता उल्लंघन दोहोरिएमा त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवारी सम्बन्धित पक्ष स्वयंले वहन गर्नुपर्ने स्पष्ट पारेको छ । साथै, पुनः उल्लंघन भएको पाइएमा महासंघले आवश्यक कारबाही प्रक्रिया अघि बढाउने चेतावनीसमेत दिएको छ ।

## वैशाख..............

अन्तिम साताबाट निर्वाचनका कारण स्थगित गरिएको थियो । अहिले भने रास्वपाले ‘संगठन निर्माण अभियान’लाई प्राथमिकता दिँदै वडा तहदेखि नै आधार बलियो बनाउने रणनीति अघि बढाएको छ । जहाँ अधिवेशन हुन बाँकी छ, त्यहाँ तत्कालका लागि तदर्थ समिति गठन गरेर भए पनि साङ्गठनिक गतिविधि निरन्तर राख्ने योजना पार्टीको छ । भोलिको केन्द्रीय समिति बैठकले यी एजेन्डाहरूलाई अन्तिम रूप दिएपछि रास्वपा पूर्ण रूपमा महाधिवेशनको तयारीमा केन्द्रित हुने अपेक्षा गरिएको छ ।

विश्रामपुर गाउँपालिका
विश्रामपुर, बारा
जनहितका लागि जारी गरिएको सन्देश
- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय शाशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# आदर्श माविमा आर्थिक अनियमितता आरोप

**शु. आ सम्बाददाता**
**रौतहट, ०६ बैशाख**

रौतहटको ईशनाथ नगरपालिकास्थित श्री विशेश्वर प्रसाद आदर्श माध्यमिक विद्यालयमा आर्थिक अनियमितता, सार्वजनिक सम्पत्ति दुरुपयोग तथा प्रशासनिक लापरवाहीका गम्भीर आरोप सार्वजनिक भएका छन् ।

विद्यालयका प्रधानाध्यापक चन्देश्वर यादव, विद्यालय व्यवस्थापन समिति तथा नगरपालिकाको शिक्षा शाखाबीचको मिलेमतोमा स्रोत र बजेटको दुरुपयोग भएको स्थानीयको दाबी छ । स्थानीय अभिभावकका अनुसार विद्यालयको पोखरी तथा अन्य आन्तरिक स्रोतबाट वार्षिक करिब १५ लाख रुपैयाँ आम्दानी हुने गरे पनि त्यसको पारदर्शी हिसाब सार्वजनिक गरिएको छैन । पियन र लेखा कर्मचारीको तलब सरकारी स्रोतबाट आउने भए पनि निजी स्रोतबाट समेत उनीहरूकै नाममा रकम निकासा गरी दुरुपयोग गरिएको आरोप छ ।

विद्यालयको स्वामित्वमा रहेको करिब दुई बिघा जग्गा तथा पोखरी अवैध रूपमा कब्जा गरिएको र सर्वोच्च अदालत को फैसला विद्यालयकै पक्षमा हुँदाहुँदै पनि कार्यान्वयन नगरिएको




स्थानीयको गुनासो छ । उल्टै अतिक्रमणकारीलाई संरचना निर्माण गर्न दिइएको आरोपसमेत लागेको छ । त्यसैगरी, एक शिक्षक विगत चार वर्षदेखि सम्पर्कविहीन रहँदा पनि सम्बन्धित निकायमा जानकारी नगरिनु, स्थायी दरबन्दीलाई राहतमा परिणत गरिएको दाबी, र आफ्ना नजिकका व्यक्तिलाई प्रक्रिया विपरीत नियुक्ति दिइएको विषयले विद्यालय प्रशासनमाथि थप प्रश्न उठाएको छ।

विद्यालयमा लागू गरिएको दिवा खाजा कार्यक्रम पनि अनियमित रहेको आरोप छ । विद्यार्थीलाई न्यून गुणस्तरका सामग्री वितरण गरिनुका साथै हप्तामा ६ दिन दिनुपर्ने खाजा २-३ दिन मात्र वितरण गरी बाँकी रकम हिनामिना गरिएको स्थानीयको भनाइ छ।


विगत ४-५ वर्षदेखि विद्यालयको लेखापरीक्षणसमेत नगरेको बताइएको छ, जसका कारण आम्दानी-खर्चको स्पष्ट विवरण नहुँदा ठूलो आर्थिक अनियमितताको आशंका गरिएको छ । यस विषयमा स्थानीय अभिभावकहरूले पटक-पटक ईशनाथ नगरपालिकाको शिक्षा शाखामा उजुरी दिए पनि कुनै ठोस कारबाही नभएको गुनासो गरेका छन् ।

स्थानीयहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन् । साथै विद्यालयको सार्वजनिक सम्पत्ति संरक्षण र शैक्षिक वातावरण सुधार गर्न पनि उनीहरूले जोड दिएका छन् ।

# सडक विस्तारका कारण तीन दिन विद्युत् अवरुद्ध हुने, वीरगंजका विभिन्न क्षेत्र प्रभावित

**शु.आ. सम्बाददाता**
**वीरगंज, ०६ बैशाख**

वीरगंजमा जारी मुख्य सडक (त्रिभुवन राजपथ) विस्तार कार्यका कारण आगामी तीन दिनसम्म विद्युत् आपूर्ति प्रभावित हुने भएको छ । सडक फराकिलो बनाउने अभियान तीव्र पारिएसँगै विद्युतीय संरचना स्थानान्तरण गर्नुपर्ने भएपछि अस्थायी रूपमा सेवा अवरुद्ध हुन लागेको हो । नेपाल विद्युत् प्राधिकरण अन्तर्गतको वीरगंज वितरण केन्द्रका अनुसार वैशाख ६ गतेदेखि ८ गतेसम्म विभिन्न क्षेत्रमा विद्युत् सेवा अनियमित रहनेछ । त्रिभुवन राजपथ अन्तर्गत मितेरी पुलदेखि गण्डक नहर चोकसम्मको सडकलाई दायाँ-बायाँ २५-२५ मिटर फराकिलो बनाउने कार्य भइरहेकाले पोल र तार सार्ने काम बिहानैदेखि सञ्चालन गरिनेछ ।



वितरण केन्द्रका प्रमुख इन्जिनियर विजय महतोका अनुसार सडक विस्तारसँगै डोजर प्रयोग गरी अतिक्रमित संरचना हटाइरहेकाले विद्युतीय पोल तथा तार तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्था आएको हो । "कामको क्रममा आकस्मिक मर्मतको आवश्यकता पनि पर्न सक्छ, त्यसैले केही क्षेत्रमा सेवा पूर्ण रूपमा अवरुद्ध हुन सक्छ," उनले बताए ।

वीरगञ्ज सबस्टेसनअन्तर्गत वडा नं. १, २, ५ र ६ का साथै राधेमाई, जगन्नाथपुर र प्रसौनी क्षेत्रहरूमा विद्युत् आपूर्ति प्रभावित हुनेछ ।

त्यस्तै, छपकैया सबस्टेसनअन्तर्गत पर्ने हस्पिटल, बिर्तामाई, छपकैया र बलिरामपुर फिडरका सबै क्षेत्रमा पनि विद्युत् सेवा अवरुद्ध रहने जनाइएको छ । प्राधिकरणले मर्मत तथा स्थानान्तरण कार्य तोकिएको समयभन्दा अघि सम्पन्न भएमा विद्युत् सेवा छिट्टै सुचारु गरिने जनाएको छ।

सडक विस्तारको कार्य तीव्र गतिमा अघि बढाइएकाले आवश्यक समन्वय गर्दै काम भइरहेको वितरण केन्द्रको भनाइ छ ।

मुख्य सडक विस्तारसँगै देखिएको यो अस्थायी असुविधापछि दीर्घकालीन रूपमा यातायात व्यवस्थापन सहज हुने र शहरको पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

यद्यपि, स्थानीय बासिन्दाले दैनिक जीवनमा परेको असरलाई ध्यानमा राख्दै सेवा अवरुद्ध समय घटाउन र समयमै जानकारी दिन सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

# कृष्णनगर भन्सार नाकामा चेकजाँच कडाइ, सीमाक्षेत्रमा निगरानी बढ्यो

**अजय मिश्र**
**कपिलवस्तु, ०६ बैशाख**

कपिलवस्तु जिल्लाको कृष्णनगर भन्सार नाकामा पछिल्लो समय चेकजाँचमा कडाइ गरिएको छ । सरकारले सय रुपैयाँभन्दा माथिका सामानमा अनिवार्य भन्सार तिर्नुपर्ने प्रावधानलाई कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिएसँगै सीमाक्षेत्रमा निगरानी बढाइएको हो ।

स्थानीय स्रोतका अनुसार कृष्णनगरको यात्रुगेट, ट्रान्समिटर क्षेत्र लगायत विभिन्न स्थानबाट सामान लिएर नेपाल प्रवेश गर्ने व्यक्तिहरूलाई सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरी ले मुख्य भन्सार नाका (लिंकगेट) बाट मात्र प्रवेश गर्न आग्रह गर्दै फर्काउने गरेका छन् । यसअघि सहज रूपमा सामान ल्याउन पाइने व्यवस्था अहिले कडाइ गरिएपछि सर्वसाधारणमा असन्तुष्टि देखिएको छ ।



भारतबाट दैनिक उपभोग्य तथा विहेवारीका सामग्री ल्याउने स्थानीय बासिन्दाले अहिलेको कडाइले समस्या थपिएको बताएका छन् । "पहिले यस्तो झन्झट थिएन, अहिले अचानक कडाइ हुँदा घरायसी तथा सामाजिक कार्यका लागि आवश्यक सामग्री ल्याउनै गाह्रो भएको छ," एक स्थानीयले गुनासो गरे । स्थानीयका अनुसार नेपालतर्फ अधिकांश उपभोग्य वस्तु महँगो हुने भएकाले सीमापारबाट सामान ल्याउने चलन पुरानै हो । तर नयाँ व्यवस्थाले त्यो अभ्यासमा रोक लगाएको छ ।

यता, सामाजिक अगुवाहरूका अनुसार देशभरका भन्सार नाकामा समान रूपमा कडाइ गरिएकोले कृष्णनगरमा पनि सोही निर्देशन कार्यान्वयन गरिएको हुन सक्ने अनुमान गरिएको छ ।

सुरक्षा निकायले भन्सार नाकाबाट करिब ४-५ किलोमिटर भित्रसम्म छड्के चेकजाँचलाई तीव्र बनाएका छन् । चेकजाँचका क्रममा भन्सार प्रक्रिया पूरा नगरी ल्याइएका सामानहरू नियन्त्रणमा लिएर भन्सार कार्यालय बुझाउने गरिएको जनाइएको छ ।

सरकारले राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले यस्तो कडाइ लागू गरेको भए पनि यसको प्रत्यक्ष असर सीमाक्षेत्रका सर्वसाधारण र साना व्यापारीमा परेको देखिएको छ । स्थानीयले व्यवहारिक र सहज नीति लागू गर्न सरकारसँग माग गरेका छन् ।

# वैशाखभित्रै एसइई नतिजा आउने तयारी, परीक्षण कार्य अन्तिम चरणमा

**काठमाडौं, ०६ बैशाख**

२०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा यसपटक वैशाखभित्रै सार्वजनिक हुने तयारी गरिएको छ । राष्ट्रिय परीक्षा बोर्ड ले उत्तरपुस्तिका परीक्षणदेखि नतिजा प्रकाशनसम्मका काम तीव्र गतिमा अघि बढाएको जनाएको छ ।

गत चैत १९ गतेदेखि सुरु भई २९ गते सम्पन्न भएको एसइई परीक्षाको उत्तरपुस्तिका परीक्षण कार्य अधिकांश जिल्लामा सकिएको छ । परीक्षा नियन्त्रण कार्यालय, कक्षा-१० का परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार अहिले करिब १० जिल्लाका उत्तरपुस्तिका मात्रै आउन बाँकी छन् । "अहिले प्राप्ताङ्क कम्पाइल गर्ने, मार्कसिट इन्ट्री गर्ने लगायत काम तीव्र रूपमा भइरहेको छ," उनले भने, "वैशाखभित्रै नतिजा प्रकाशन गर्ने लक्ष्यअनुसार सबै प्रक्रिया अगाडि बढाइएको छ ।"




एक महिनामै नतिजा सार्वजनिक गर्ने लक्ष्य

यसअघि एसइई नतिजा प्रकाशन हुन करिब तीन महिना लाग्ने गरेको थियो । तर यस वर्ष सरकारको निर्देशनअनुसार एक महिनाभित्रै नतिजा सार्वजनिक गर्ने लक्ष्य राखिएको छ।

सोहीअनुसार बोर्डले 'माध्यमिक शिक्षा परीक्षा (एसइई) सञ्चालन व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका-२०८२' लागू गरेको छ, जसले परीक्षण प्रक्रियालाई व्यवस्थित र छिटो बनाउने अपेक्षा गरिएको छ ।

नतिजा छिटो प्रकाशन गर्ने उद्देश्यले यसपटक प्रत्येक जिल्लाका परीक्षा केन्द्रहरूलाई नै परीक्षण केन्द्रका रूपमा तोकिएको थियो । यसले उत्तरपुस्तिका ओसारपसारमा लाग्ने समय घटाएर काम छिटो सम्पन्न गर्न मद्दत पुगेको बोर्डको भनाइ छ ।

निर्देशनअनुसार विभिन्न मितिमा सञ्चालित विषयहरूको प्राप्ताङ्क तोकिएको समयसीमाभित्र परीक्षा नियन्त्रण कार्यालयमा पठाइएको थियो । चैत १९-२० का विषयका मार्कस्लिप चैत २३ भित्र, २२-२४ का विषयका चैत २७ भित्र र बाँकी सबै कागजात वैशाख ५ भित्र केन्द्रमा पठाउने व्यवस्था गरिएको थियो ।

यस वर्षको एसइई परीक्षामा देशभरबाट ५ लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी भएका थिए ।

अब अन्तिम चरणमा पुगेको नतिजा तयारी कार्य पूरा भएसँगै विद्यार्थी र अभिभावकहरू वैशाखभित्रै नतिजा सार्वजनिक हुने अपेक्षामा छन् ।

शिक्षा क्षेत्रका सरोकारवालाहरूले छिटो नतिजा प्रकाशनले विद्यार्थीको आगामी शैक्षिक योजना निर्माणमा सहजता ल्याउने विश्वास व्यक्त गरेका छन् ।

# आचारसंहिता उल्लंघनमा पत्रकार र मिडियालाई कारबाही चेतावनी

**वीरगंज, ०६ बैशाख**

नेपाल पत्रकार महासंघ पर्सा शाखाले पत्रकार आचारसंहिता उल्लंघन गर्ने पत्रकार तथा सञ्चारगृहलाई कारबाही गर्ने चेतावनी दिएको छ । आइतबार एक प्रेस विज्ञप्ति जारी गर्दै महासंघले पछिल्लो समय केही सञ्चारमाध्यम र पत्रकारहरूबाट भइरहेको गैरजिम्मेवार गतिविधिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।




महासंघका अनुसार पर्सा जिल्लाबाट प्रकाशित तथा प्रसारित केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत सञ्चालित प्लेटफर्महरूले समाचार सम्प्रेषणका क्रममा पत्रकार आचारसंहिताका आधारभूत मान्यतालाई समेत बेवास्ता गरिरहेका छन् । विशेषगरी सामाजिक सद्भाव, जबरजस्ती करणीजस्ता संवेदनशील विषय तथा व्यक्तिको गोपनीयतासम्बन्धी समाचारमा गैरजिम्मेवार ढंगले सामग्री प्रस्तुत गरिएको पाइएको उल्लेख गरिएको छ । विज्ञप्तिमा समाचार संकलन तथा प्रसारणका क्रममा न्यूनतम शिष्टता र व्यावसायिक मर्यादा कायम नगरी अभद्र शैली अपनाइएकोप्रति आपत्ति जनाइएको छ । यस्ता गतिविधिले समग्र सञ्चार क्षेत्रकै

बाँकी तेश्रो पृष्ठमा

# वैशाख १५ देखि रास्वपाको जिल्ला अधिवेशन

**काठमाडौं, ०६ बैशाख**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो साङ्गठनिक संरचनालाई पूर्णता दिने उद्देश्यसहित आगामी वैशाख १५ गतेदेखि देशभर जिल्ला अधिवेशन सुरु गर्ने निर्णय गरेको छ ।

आइतबार बसेको पार्टीको सचिवालय बैठकले उक्त निर्णय गरेको हो । पार्टी प्रवक्ता मनिष झाले सचिवालयको निर्णयलाई भोलि बस्ने केन्द्रीय समिति बैठकमा अनुमोदनका लागि प्रस्तुत गरिने जानकारी दिएका छन् ।



निर्वाचनका कारण केही समय रोकिएको वडा तथा पालिका तहको अधिवेशनलाई वैशाख २ गतेदेखि पुनः तीव्रता दिइएको सन्दर्भमा जिल्ला अधिवेशनको मिति तय गरिएको हो । पार्टीले महाधिवेशनको स्पष्ट कार्यतालिकासमेत सार्वजनिक गरेको छ । महामन्त्री मुकुल ढकालका अनुसार वैशाख र जेठभित्र वडा अधिवेशन सम्पन्न गर्ने, असार र साउनमा पालिका तथा जिल्ला अधिवेशन गर्ने र भदौ महिनामा प्रदेश अधिवेशन सम्पन्न गर्ने लक्ष्य राखिएको छ । यसैअनुसार आगामी असोज महिनामा केन्द्रीय महाधिवेशन आयोजना गरिनेछ ।

हालसम्म ४५२ वटा वडा र ६२ वटा पालिकामा अधिवेशन सम्पन्न भइसकेको पार्टीले जनाएको छ । बाँकी रहेका ७ हजार ६४३ वडा र ७५३ पालिकामा तदर्थ समिति तथा वडा परिषद् गठन गर्ने कार्य वैशाख महिनाभित्र सक्ने तयारी गरिएको छ। यसअघि २०८० मंसिरदेखि सुरु भएको वडा अधिवेशन प्रक्रिया गत माघको

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका